**राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय**

**२०७७ साल फागुन २६ गते बुधबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ५८औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

(१). आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशबाट प्रदेश समपुरक अनुदान कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदान कार्यविधि, २०७७ बमोजिम आगामी आ.ब. २०७८/७९ का लागि प्रदेश समपुरक र प्रदेश विशेष अनुदानका आयोजना/कार्यक्रमको प्रस्ताव माग भएको सन्दर्भमा तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरु प्रस्ताव गर्ने ।

**तपसिल:**

**क) समपूरक तर्फ :**

| सि.नं. | आयोजना/कार्यक्रमको विवरण | अनुमानित लागत | अनुमानित अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | दुङ्गु अठारे सडक निर्माण | २ करोड | २ वर्ष | |
| २. | देवीटार पाङथली सिलिङ्गे सडक | २ करोड | २ वर्ष | |
| ३. | सिलिङ्गे शिलाधुनी गैजुराङ्ग सडक | २ करोड | २ वर्ष | |
| ४. | भाटिबेशी कोलगैरी मुग्रेकोट सडक | २ करोड | २ वर्ष | |
| ५. | किन्द्राङ्ग बुढामहादेव पर्यटन प्रबर्द्धन वडा नं. ४ | १ करोड | १ वर्ष | |
| ६. | लालिगुराँस पर्यटकीय पार्क वडा नं. १ | १ करोड | १ वर्ष | |
| ७. | दुईचोक डाँडा पर्यटकीय पार्क वडा नं. २ | १ करोड | १ वर्ष | |
| ८. | जलपरी झरना वडा नं. ३ | १ करोड | १ वर्ष | |

**ख) विशेष तर्फ :**

| सि.नं. | आयोजना/कार्यक्रमको विवरण | अनुमानित लागत | अनुमानित अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | खाद्य तथा पोषण कार्यक्रम | १ करोड | २ वर्ष | |
| २. | शैक्षिक क्षेत्र सुधार कार्यक्रम | १ करोड | १ वर्ष | |
| ३. | चेपाङ्ग खानेपानी तथा सरसफाई कार्यक्रम | १ करोड | १ वर्ष | |
| ४. | दलित तथा सीमान्तकृत समुदायमा सामाजिक विकृति न्यूनीकरणका कार्यक्रम | ५० लाख | १ वर्ष | |
| ५. | चेपाङ्ग, चिउरी, चमेरो मौरी पालन जीवनस्तर सुधार कार्यक्रम | १ करोड | १ वर्ष | |
| ६. | यमरोक जुरेथुम सिंचाई आयोजना वडा नं. ७ | १ करोड | १ वर्ष | |
| ७. | घोरकोटे सिंचाई आयोजना वडा नं. ४ | १ करोड | १ वर्ष | |

(२) गाउँ कार्यपालिकामा पेश भएको "राक्सिराङ्ग गाउँपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७७" लाई आगामी बैठकमा छलफल गर्ने ।

(३) "राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" लाई स्विकृत गर्ने ।

(४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन गर्न चालु आ.व. २०७७/०७८ को लागि विनियोजित वजेट मिति : २०७७/०९/१२ को गाउँकार्यपालिकाको बैठकले निर्णय गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका वेरोजगारहरुको संख्याको आधारमा वडागत रुपमा वाँडफाँड गरिएको हुँदा उक्त वजेट कार्यान्वयन गर्न आ.व. २०७७/७८ को योजना तथा कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि माग गरिएको योजनामध्ये तपशिल वमोजिम योजनाहरु सम्वन्धित वडाहरुवाट छनौट भई आएको हुँदा उक्त छनौट भई आएका योजनाहरु यस वैठकवाट पारित गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | वडा नं. | योजनाको नाम | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | १ | ढुङ्गेन-विरालीटार-ईन्द्रु सडक नाली निर्माण तथा मर्मत | २,००,००० | |
| २. | २ | वडा कार्यालय हुदै सानोभावर सडकको नाली खन्ने | ३,००,००० | |
| ३. | ३ | जलपरी झरना चमेरो गुफा व्यवस्थापन तथा वगैंचा निर्माण | ३,००,००० | |
| ४. | ४ | चुलीडाँडा पर्यटन स्थल निर्माण | ४,००,००० | मिति:२०७७/०९/२७ को गाउँ सभाको निर्णयवाट संशोधित |



राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५. | ५ | चूरीडाँडा-ताम्सालिङ्ग सडक सरसफाइ तथा मर्मत | ५,००,००० | मिति:२०७७/०९/२७ को गाउँ सभाको निर्णयवाट संशोधित |
| ६. | ५ | आँपखोल्सी-गेरिराङ्ग गोरेटोवाटो मर्मत | ५,००,००० | मिति:२०७७/०९/२७ को गाउँ सभाको निर्णयवाट संशोधित |
| ७. | ६ | सिलिङ्गेदेखि रेउतीदोभान कृषि सडक नाली निर्माण | २,००,००० | |
| ८. | ८ | आँपताल परेवाटार तटवन्धन | ३,००,००० | |
| ९. | ८ | चामन्ती-गाल्वाङ्ग गोरेटोवाटो निर्माण | २,५०,००० | |
| १०. | ८ | परेवाटार गोरेटो बाटो र लालपार्क निर्माण | ३,४२,०००। | |
| १०. | ८ | भामदोरी-चेपाङ्ग झरना सिंढी निर्माण | ३,००,००० | |
| ११. | ८ | सन्दिपखोल्सी तटवन्धन निर्माण | ४,००,००० | |
| १२. | ९ | परसिवाङ्ग-दुन्वेवाङ्ग गोरेटोवाटो निर्माण | ३,००,००० | |
| | | जम्मा | ४२,९२,००० | |

साथै मिति : २०७७/०९/२७ को गाउँसभामा वडा नं.५ को संसोधन भई छनौट भएको नयाँ योजना चुरीडाँडा ताम्सालिङ सडक सरसफाइ योजनाको वजेट रु.७,५०,०००। निर्णय भएकोमा उक्त वजेट युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (विश्व वैक) तर्फको वजेटवाट रु.५,००,०००। र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( नेपाल सरकार) तर्फको वजेटवाट रु. २,५०,०००। भएको हुँदा दुवै आयोजनाको कार्यविधि फरक फरक भएकोले दुवै आयोजनाको वजेट एउटै योजनामा समावेश गर्न प्राविधिक कठिनाई हुने देखिएकोले उक्त योजनामा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (विश्व वैक) तर्फको वजेटवाट रु.५,००,०००। कायम गर्ने र सो योजनाको लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (नेपाल सरकार) तर्फको वजेटवाट विनियोजित रु.२,५०,०००। वडा नं. ५ स्थित लाल पार्क व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

(५) क) बाग्मती प्रदेश सरकारको विशेष अनुदान अन्तर्गतको दामराङ रिनचराङ गुङराङ खानेपानी आयोजना ठेक्का प्रकृया मार्फत निर्माण गर्ने गरी प्रकृया अघि बढाइएको तर स्थानीयवासीद्धारा ठेक्का प्रकृयामार्फत निर्माण गर्दा समय बढी लाग्ने, उक्त आयोजना प्रविधिमूलक नभई श्रममूलक भएको तथा आयोजनाको दीगो व्यवस्थापनको लागि स्थानीय समितिले नै जिम्मेवारी लिने समेत भएको र स्थानीयस्तरमा खानेपानी अत्यावश्यक भएको हुँदा उपभोक्ता समितिमार्फत निर्माण प्रकृया अघि बढाई यथाशीघ्र खानेपानी आपुर्तीको व्यवस्था मिलाइदिन अनुरोध भई आएको हुँदा उक्त ठेक्का प्रकृया रद्ध गरी उपभोक्ता समिति मार्फत अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ख) नमूना सामुदायिक विकास समितिलाई सीपमूलक तालिम कार्यक्रम सिलाई कटाईको लागि रु. १,६०,०००। रकम आगामी गाउँ सभाबाट अनुमोदन हुनेगरी सीपमूलक तालीम कार्यक्रम शीर्षकबाट खर्च गर्ने ।

ग) वडा नं. ९ को स्वास्थ्य कार्यालय भवन निर्माणको लागि उक्त जग्गामा रहेको पुराना भवनहरु स्थानीय स्वायक्त शासन ऐन तथा नियमावली अनुसारको मूल्यांकन रकमलाई न्यूनतम रकम कायम गरी बढाबढको आधारमा लिलाम प्रकिया अघि बढाउन निर्देशन दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत